परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक २९७ •२०७९ साल पौष ९ गते शनिबार •(24-December-2022) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## बर्दिवास उद्योग वाणिज्य संघको सपथ ग्रहण कार्यक्रम सम्पन्न



टक नेपाल, बर्दिवास ।

बर्दिवास उद्योग वाणिज्य संघको सपथ ग्रहण कार्यक्रम शुक्रवार सम्पन्न भएको छ। नव निर्वाचीत अध्यक्ष , पदाधिकारी सदस्यहरुलाई एक समारोहका बिच निर्वाचन समितिका संयोजक टिका ध्वज खडकाले पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथी बर्दिवास नगरपालिका प्रमुख प्रहलाद कुमार क्षेत्रीले उद्योगी व्यवसायीहरुको हितमा काम गर्नेगरि लाग्न नवनिर्वाचित कार्यसमितिलाई आग्रह गर्नुभयो । उहाँले निर्वाचित समितिलाइ बधाई तथा शुभकामना व्यक्त गर्दै संस्थागत विकासमा लाग्न आग्रह गर्नुभयो । बर्दिवास नगरपालिकाको विकासको हरेक पाईलामा नगरको साथ सहयोग रहने नगर प्रमुख क्षेत्रीले नवनिर्वाचित कार्यसमिति आश्वासन दिनुभयो । बर्दिवास उधोग वाणिज्य संघको स्थापना काल देखिनै यहाँका व्यापारी वर्गहरु वाट भरपुर सहयोग भएता पनि पुर्वा समितिले गर्न नसकेका धेरै कार्यहरुमा नव निवार्चित कार्यसमितिले गर्ने विश्वास व्यक्त गर्नुभयो । २०६४ सालमा बर्दिवास उधोग वाणिज्य स्थापना भई पुर्व कार्यसमितिले दजनौ काम गरेको सबै व्यपारी वर्गलाई अनुभुती भएको छ । म आफु अध्यक्ष हुँदा सबैभन्दा बढी साथ र सहयोग उधोग वाणिज्य संघ मार्फनै पाएको हुदाँ अगामी दिनहरुमा यसलाई निरन्तर्ता दिने बताउनु भयो । बर्दिवास सहरलाई विकास गर्नका लागि बर्दिवास नगरपालिकाले धेरै कार्यहरु गरेता पनि अझ अगामि दिनहरुमा सुन्दर र शान्त बर्दिवास वनाउन नगरले हातेमालो गर्ने नगर प्रमुख क्षेत्रीले बताउनु भयो । उक्त कार्यक्रममा नव निवार्चित प्रदेश सभा सदस्य शारदा थापाले निर्वाचित समितिलाइ बधाई तथा शुभकामना व्यक्त गर्दै बर्दिवास विकासमा जुन किसिमले पुर्व कार्यसमितिले कामहरु गरेका छन अब झन राम्रो संग गर्न सुझाव दिनुभयो। देश भरी बर्दिवासलाई चिनाउनका बर्दिवास उधोग वाणिज्य संघले खेलेको भुमिकाका र मधेश आन्दोलन देखि कोरोना लकडानमा खेलेको भुमिका प्रति पुर्व कार्यसमितिलाई विषेश धन्यवाद दिनुभएको थियो । हरेक क्षेत्र वर्ग लिङ्ग वाट समावेसी किसिमको कार्यसमिति निवार्चित भएकोमा यस टिटमलाई न्याय पूर्ण ढङ्गले क्रियाकलापमा सघाउन नगरका सम्पूर्ण व्यपारी वर्गालाइ अग्रह गर्नुभयो । कार्यक्रममा नवनिर्वाचित अध्यक्ष विष्णु खडकाले संस्थाको गरिमालाई उँच्च राख्दैं संस्थागत विकासका लागि आफुले काम गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, ‘उद्योगी व्यवसायीहरुका समस्यालाई मैले नजिक बाट नियालेको छु , त्यस्ता समस्या हल गर्नुनै मेरो पहिलो प्राथमिकता हुनेछ ।’ खड्काले आफ्नो कार्यकालमा बर्दिवास नगरपालिकाको व्यपारीहरुका हरेक समस्यामा साथा दिने र बर्दिवासका व्यपारीहरुलाई भईरहीत व्यवसायी चलाउन म र मेरा टिम साथ दिने प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा नवनिर्वाचित अध्यक्ष विष्णु खडका सहित सदस्य पदमा सन्तोस सिग्देल,चन्द्र ब.खड्का (विनाद),सुरज खड्का, शैलेश दाहाल, दिपक कार्की,चौधरी महतो,रंजित राज ढुङ्गाना,उत्तम कुमार श्रेष्ठ,बेचु बल,गुन्ज बहादुर कार्की,संतोस कुमार श्रेष्ठ र उषा ढकाल सहिको नवनिर्वाचित कार्यसमितिले सपथ ग्रहण गर्नु भएको हो।

## सांसदद्वय यादव र राईद्वारा शपथ



टक नेपाल, काठमडौं ।

प्रतिनिधिसभाका नवनिर्वाचित सदस्यद्वय महिन्द्र राय यादव र रामकुमार राईले पद तथा गोपनीयताको शपथ लिनुभएको छ। सिंहदरबारस्थित सङ्घीय संसद् सचिवालयमा शुक्रबार आयोजित कार्यक्रममा प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शमशेर जबराले उहाँहरुलाई शपथ गराउनुभयो । शपथ समारोहमा सचिवालयका महासचिव डा भरतराज गौतम, सचिवलगायत संसद्का कर्मचारीको उपस्थिति थियो। प्रतिनिधिसभाका दुई सय ७० सदस्यले बिहीबार नयाँ बानेश्वर स्थित संसद् भवनमा शपथ लिनुभएको थियो। यादव र राई कारणवश शपथ लिन छुट्नुभएको थियो।प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित एक सय ६५ र समानुपातिक एक सय १० गरी दुई सय ७५ सांसद छन् । दुई सांसदले शपथ लिन बाँकी छ । सांसदद्वय प्रेम आले पारिवारिक शोक तथा माया राई सुत्केरी भएका कारण शपथ लिन सक्नुभएको छैन । उहाँहरुले उपयुक्त समयमा शपथ लिनसक्ने सचिवालयले जनाएको छ ।







# मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा दुई जना चिनियाँ पक्राउ

टक नेपाल, काठमाडौं।

नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा दुई चिनियाँ नागरिक लाई प्रक्राउ गरेको छ । प्रहरीले मानव बेचबिखन तथा ओसार पसारमा संलग्न रहेको अभियोगमा काठमाडौँ ठमेल बस्ने चिनियाँ नागरिकद्वय ३० वर्षीय चेन याङ र ३३ वर्षीय रूआन चाओहोङलाई आज पक्राउ गरिएको जानकारी दिएको छ। उनीहरुले तीन जना नेपाली नागरिकलाई फ्रि भिसा र फ्रि टिकटमा लाओसमा अनलाइन सेल्स मार्केटिङको काममा लगाइदिने र मासिक एक हजारदेखि एक हजार पाँच सय डलरसम्मको कमाइ हुन्छ भन्दै प्रलोभनमा पारी गत भदौ १७ मा काठमाडौँबाट भारत, थाइल्याण्ड हुँदै लाओस पुऱ्याएका थिए। त्यहाँ पुऱ्याएपछि बिट क्वाइनमा ईन्भेष्ट गराउने लगायतका गैरकानुनी काम लगाउनुको साथै दुई महिना काम लगाई पीडितहरूबाट उल्टै तीन लाख ९० हजार रकमसमेत लिई लाओसमा मानसिक यातना दिएको अवस्थामा आफन्तको सहयोगमा गत कात्तिक २५ गते उनीहरू नेपाल फर्किएका थिए। उक्त कार्यमा संलग्नमध्ये एक जनालाई काठमाडौँ ठमेल र एक जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मानव बेचबिखन अनुसन्धान ब्यूरोको प्रहरीले पक्राउ गरेको हो । निजहरूलाई काठमाडौँ जिल्ला अदालतको आदेशले पूर्पक्षका लागि थुनामा राख्न कारगार कार्यालय जगन्नाथदेवल सुनधारामा चलान गरिएको छ ।


सुचना । सुचना ।। सुचना ।।।

शुभ स्वस्तिक हस्पिटलको १४ औं वार्षिक उत्सवको शुभ उपलक्ष्यमा यहि मिति २०७९।०८।२५ गते देखि २०७९।०९।२५ गते सम्म बिभिन्न सेवा तथा सुविधामा विशेष छुटका साथ नि:शुल्क सेवाहरु निम्न अनुसार दिईने जानकारी गराउदछौं ।

सेवा तथा सुविधाहरु:
१. OPD सेवा – नि:शुल्क
२. LAB सेवामा – 25% छुट
३. X-Ray, USG, ECG, CT- SCAN सेवामा – 10% छुट
४. Whole Body चेकअपमा – 50% छुट
५. Pharmacy सेवामा – 10% छुट
६. Hospital Service सेवामा – 25% छुट
७. अप्रेशन सेवामा – 50% छुट (हाइड्रोसिल, हर्निया, पाईल्स)
८. NICU सेवामा – 25% छुट
९. आँखा र दाँत सेवामा – 25% छुट

हाम्रा सेवाहरु:
१. जेनरल फिजिसियन सेवा
२. ईमर्जेन्सी तथा General Practitioner सेवा
३. स्त्री रोग तथा प्रसुती सेवा
४. बाल तथा शिशु रोग सेवा
५. हाडजोर्नी तथा नशा रोग सेवा
६. नाक, कान तथा घाटी रोग सेवा
७. आँखा रोग सेवा
८. मुख तथा दाँत रोग सेवा
९. Normal Delivery तथा Surgery सेवा
१०. ICU तथा NICU सेवा



Note: (बाहिरबाट आउने डाक्टर) को सेवा बाहेक माथि उल्लेखित सेवा सुविधामा छुट हुनेछ ।

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, महोत्तरी सम्पर्क: ०४४-५५०२५५, एम्बुलेन्स नं. ९८१२०८५६०४


## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

# चिसोबाट नागरिकलाई बचाउन रकम खर्च गर्ने अख्तियारी प्रदान

टक नेपाल, काठमाडौं।

सरकारले शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट नागरिकलाई बचाउन जिल्लामा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी विभिन्न जिल्लालाई अख्तियारी दिएको छ । गृहमन्त्री बालकृष्ण खाँणले आज मन्त्रीस्तरीय निर्णयबाट शीतलहर, हिमपात तथा अत्याधिक चिसो हुने २० जिल्लालाई तीन तहमा विभाजित गरी सोहीअनुरुप वितरण गर्ने अख्तियारी प्रदान गर्नुभएको हो। मन्त्रिपरिषद्बाट शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट हुनसक्ने जोखिम एवं सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवं प्रतिकार्य सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गृहमन्त्री खाँणले सो निर्णय गर्नुभएको हो । हिमाली जिल्ला ताप्लेजुङ, सोलुखुम्बु, सङ्खुवासभा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगु, डाल्पा, कालीकोट, बझाङ, बाजुरा र दार्चुलालाई रु चार लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । त्यसैगरी बढी प्रभावित हुनसक्ने तराईका जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रुपन्देही र कपिलबस्तुलाई रु १२ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । त्यस्तै नवलपरासी पूर्व, दाङ, बाँके, बर्दिया र कञ्चनपुरलाई रु आठ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । कोषमा रकम अपुग भएमा माग गरी नेपाल सरकारको स्वीकृत मापदण्डबमोजिम तोकिएको सीमाभित्र खर्च गर्न पनि निर्देशन दिइएको छ । तराईमा शीतलहर र हिमाल तथा पहाडमा अत्यधिक चिसो सुरु हुन लागेपछि सरकारले पूर्वतयारी स्वरुप यस्तो निर्णय गरेको मन्त्रालयले जनाएको छ । यसअघि साउन २० मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले 'विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत' गरेको थियो । सोही कार्यविधि अनुसार चिसोबाट बचाउन जिल्लालाई रकम खर्च गर्ने अख्तियारी दिइएको हो ।

# फोहर व्यवस्थापनमा कुनै समस्या छैन : महानगर

टक नेपाल, काठमाडौं।

काठमाडौँ महानगरपालिकाले उपत्यकाको फोहर व्यवस्थापनको काम नियमित रुपमा भइरहेको स्पष्ट पारेको छ । महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले अहिले फोहर व्यवस्थापनमा कुनै समस्या नभएको र नियमितरुपमा व्यवस्थापन भइरहेको स्पष्ट पार्नुभएको हो । उहाँले भन्नुभयो, 'फोहर सङ्कलन, ढुवानी र अन्तिम व्यवस्थापनको कार्य रोकिएको वा अवरोध भएको छैन । जनशक्ति, साधन तथा उपकरण नियमित काममा छन् ।' प्रवक्ता मानन्धरका अनुसार आज मात्रै एक सय १९ गाडीबाट फोहर व्यवस्थापन भइरहेको छ । उपत्यकाका १८ स्थानीयतहबाट अहिले दैनिक एक हजार दुई सय मेट्रिकटन फोहर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ। तीमध्ये सबैभन्दा बढी कामपाबाट पाँच सय मेट्रिकटन फोहर निस्किने गर्दछ। उपत्यकाबाट दैनिक उत्सर्जन हुने फोहरमध्ये करिब ७५ प्रतिशत फोहर सिसडोलमा व्यवस्थापन गर्रिँदै आइएको थियो ।अहिले निजी र कामपाका करिव दुई सय गाडीले दैनिक फोहर व्यवस्थापन गर्दै आएका छन् ।

# गोली प्रहारबाट एक व्यापारीको हत्या

टक नेपाल,बर्दिबास ।

मधेश प्रदेशको बारा जिल्लामा गोली प्रहारबाट एक व्यवसायीको हत्या भएको छ । भारतीय व्यापारी शिवपुजन यादवको हत्या भएको हो । शुक्रबार साँझ बाराको महागढीमाई नगरपालिका भुताहा पुल नजिकै चिया पसल नजिक उनीमाथि गोली प्रहार भएको हो। मोटरसाईकलमा आएका दुई जना अज्ञात व्यक्तिले गोली दागेर भागेका थिए । गोली प्रहारबाट गम्भीर घाइते भएका व्यवसायी यादवको उपचारको क्रममा स्थानीय एलएस न्युरो अस्पतालमामृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । गोली कसले किन प्रहार गरि उनको हत्या गरेको विषयमा थप अनुसन्धान भइरहेको बाराका प्रहरी प्रमुख हो बिन्द्र बोगटीले जानकारी दिए ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ। | तुला | आज इनाम र प्रतिष्ठा कमाउने बेला छ। |
| बृष | खानपान, आहारविहार र स्वास्थ्यप्रति सचेत रहनु बेस हुनेछ। | वृश्चिक | पारिवारिक सद्भाव बढ्नेछ। |
| मिथुन | आज माया प्रेममा सामीप्यता बढेर जानेछ भने घर परिवार तथा आफन्तबीचको सम्बन्धमा सुधार भएर जानेछ। | धनु | अरुलाई प्रभावित पारेर काम बन्नेछ। |
| कर्कट | आज कुनै समाचारले मनमा शान्ति छाउनेछ। | मकर | आज कुनै कुराले सङ्कटको सामना गर्नुपर्ने अवस्था आउनसक्छ। |
| सिंह | आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ। | कुम्भ | धार्मिक र सांस्कृतिक महत्त्वको क्षेत्रमा भ्रमण हुनेछ। |
| कन्या | खर्च नियन्त्रणभन्दा बाहिर हुनसक्छ। | मीन | आज प्रतिष्ठा र पदोन्नतिको सम्भावना छ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## ....सम्पादकीय

# शपथ अनुसारको काम गर

प्रतिनिधि सभाका सांसदहरुले बिहीवार पद तथा गोपनियताको शपथ लिएका छन् । गत मंसिर ४ गते सम्पन्न भएको आम चुनाव मार्फत प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीमार्फत बिजयी भएका २७५ जना सांसदहरुले बिहीवार नेपाली जनताको नाउमा शपथ खाएका हुन् । तर सपथको ब्यवहोरा फरक फरक भने रहेको थियो । कतिले आफ्नो मातृ भाषामा शपथ खाए भने कतिले राष्ट्रिय भाषामा शपथ खाए तर जसले जुन भाषामा शपथ खाएपनि उनीहरुले जनतकै हितका लागि सपथ खाएको कुरा स्पष्ट छ । यसपाली शपथ खानेमा केही नयाँ अनुहार पनि छन् । पुराना अनुहारले त शपथ हरेक करिब पाँच/पाँच बर्षमा खादै आएकाले उनीहरुका लागि त्यो नौलो कुरा भएन तर नयां सांसदहरुका लागि भने केही नौलो पक्कै भयो होला । केहीले फरक हिसावले पनि शपथ खाएका छन् । जस्तै राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेनले भ्रष्टचार गर्नु आमाको रगत खानु सरह हो भनेका छन् । त्यसो त भ्रष्ट्चार गर्छु भनेर कसले पो गर्ने होर ? अथवा म भ्रष्टचार हुं कसले भन्छ र ? त्यसैले पनि जनताको पक्षमा शपथ खाएकाहरुले जनताकै पक्षमा काम गर्ने संभावना यसैपनि कम छ । केही नयाँ अनुहारले गरे भने त्यो केही आश्चार्य पक्कै हुनेछ नत्र पुरानाबाट संभव छैन ।

## अनुरोध

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।

**टक नेपाल परिवार**

ईमेल : talknepalnationaldaily@gmail.com

सम्पर्क : ९८४१४२०४४६, ९८०७८२१०१४

मनराशिसवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी (मधेश प्रदेश) नेपाल

### बोलपत्र /शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रकाशित मिति : २०७९/०९/०९)

यस कार्यालयद्वारा तपशिलका निर्माण तथा मालसामान खरिद कार्यका लागि मिति २०७९/०७/०६ गतेको टक नेपाल राष्ट्रीय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र/शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना अनुसार सूचनामा तोकिएको म्याद भित्र यस मनरा शिसवा नगरपालिका,नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दर्ता भएका सम्पूर्ण बोलपत्र/शिलबन्दी दरभाउपत्रहरु मध्ये तपशिलको बोलपत्रदाता/दरभाउपत्रदाताहरुको बोलपत्र/दरभाउपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही रहेको पाईएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल:-**

| क्र.स. | ठेक्कान. | कार्यको विवरण | छनौट भएका बोलपत्रदाता /दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक(मु.अ.कर र पी.एस बाहेक ) |
|---|---|---|---|---|
| 1 | Mun/Manara/Goods/SQ /1/2079/80 | बेन्चडेस्क खरिद गरी वितरण गर्ने कार्य | रामसखी जनरल अर्डर सप्लायर्स लक्षिमिनिया-४,धनुषा | १७०२१०४.०९ |
| 2 | Mun/Manara/Goods/SQ /2/2079/80 | सौचालयका लागि रिंग खरिद तथा प्यान खरिद गरि वितरण गर्ने कार्य | रामसखी जनरल अर्डर सप्लायर्स लक्षिमिनिया-४,धनुषा | १६९९५८४.०० |
| 3 | Mun/Manara/Works/N CB/3/2079/80 | हुलाकी सडक देखि वडा नं ३ सोनौल हुदैँ वडा नं ७ . सरपल्लो सम्मकोसडकमा कल्भर्ट निर्माण तथा पि . सि . सि . ढलान कार्य | राज इन्टरप्राईजेज जलेश्वर १ | २१०४५९८.६१ |
| 4 | Mun/Manara/Works/N CB/4/2079/80 | वडा नं १ हुलाकी सडक देखि .हस्पिटल हुदैं वडा नं ४ को . साँढा गाउँसम्म जोड्ने सडकको आरढलान कार्य .सि .सि . | श्री नाथ कन्स्ट्रक्सन,मनरा शिसवा न.पा २ | २०९८५२५.७९ |
| 5 | Mun/Manara/Works/N CB/5/2079/80 | वडा नं२ भोल्ही टोलमा अरुण सिंहको घर देखि ब्रह्मस्थान . हुदैंसाझा संस्था देखि सोनौल जोड्ने बाटो सम्म कृषि सडक निर्माण कार्य | राज इन्टरप्राईजेज जलेश्वर १,महोत्तरी | ३२०६०९२.८९ |
| 6 | Mun/Manara/Works/N CB/6/2079/80 | नगरपालिका भित्र जेष्ठ नागरिक मिलन केन्द्र स्थापना भवन ) निर्माण ) | श्री नाथ कन्स्ट्रक्सन,मनरा शिसवा न.पा २ | ३२८८७०५.२२ |
| 7 | Mun/Manara/Works/N CB/7/2079/80 | मनरा शिसवा नगरपालिका अन्तर्गत वडा नं१ देखि १० सम्म . स्यालोट्युबेलजडान गर्ने | श्री नाथ कन्स्ट्रक्सन,मनरा शिसवा न.पा २ | ३३४१६५५.०० |
| 8 | Mun/Manara/Works/N CB/8/2079/80 | मरूवाही विधालय गेटदेखिपोखरी डिल हुदैं जगरनाथ पाण्डेयको घर सम्म रेतेनिंग वाल तथा कंक्रिट ब्लक बाटसडक स्तरउन्नतीकार्य | राज इन्टरप्राईजेज जलेश्वर १,महोत्तरी | २०६४७९०.६८ |
| 9 | Mun/Manara/Works/N CB/9/2079/80 | दुर्गा मा.वि मनरा वडा नं. १ मा अधुरो भवन निर्माण कार्य पुरा गर्ने | राज इन्टरप्राईजेज जलेश्वर १,महोत्तरी | ३३३७४४८.२० |
| 10 | Mun/Manara/Works/N CB/10/2079/80 | महोत्तरी जिल्ला मनरा शिसवा २ कट्टी सडक स्तरउन्नती | सपना निर्माण सेवा जनकपुरधाम ८ | ४११००९०.३३ |
| 11 | Mun/Manara/Works/SQ /3/2079/80 | मरूवाही स्वास्थ्य चौकी निर्माण कार्य | राम लला निर्माण सेवा जलेश्वर १ ,महोत्तरी | १२४८८३०.६२ |
| 12 | Mun/Manara/Works/SQ /4/2079/80 | वडा नं१० मरूवाही मिलन चौक देखि पूर्व तिर हलखोरी . सकरी बाटो सम्मकृषि सडक निर्माण कार्य | राज इन्टरप्राईजेज जलेश्वर १,महोत्तरी | १५९५२०६.५८ |

प्रमुख प्रशासकीय अधिकृत



# 'मधेसी' भाषामा शपथ गराइएकोप्रति मधेसी आयोगले माग्यो स्पष्टीकरण




टक नेपाल, काठमाडौं ।
मधेसी आयोगले प्रतिनिधिसभा सदस्यहरूलाई मधेसी भाषामा शपथ खुवाउनु गम्भीरताको विषय भएको भन्दै संसद सचिवालयलाई स्पष्टीकरण सोधेको छ । जनमत पार्टीका अध्यक्ष डा.सी.के राउतसहित केही प्रतिनिधिसभा सदस्यहरूलाई मधेसी भाषामा शपथ लिन मान्यता दिएको भन्दै संघीय संसद्को सचिवालयलाई मधेसी आयोगले स्पष्टीकरण सोधेको हो । पुस ७ गतेको संसद भवनमा डा. राउतसहित केही प्रतिनिधि सभाका सदस्यहरूले भाषा आयोग तथा मधेसी आयोगद्वारा सूचीकृत नरहेको 'मधेसी भाषा'मा शपथ लिएको भन्दै आयोगकी उपसचिव सविता डङ्गोलले संघीय संसद्को सचिवालयलाई शुक्रबार पत्र पठाएकी हुन्। पत्रमा भनिएको छ, 'हालसम्म भाषा आयोगबाट प्रकाशित 'मधेसी भाषा' सूचीकृत नभएको देखिएकोले सो भाषामा प्रतिनिधि सभाका सदस्यहरूले औपचारिक कार्यक्रममा शपथ लिनु गम्भीरताको विषय रहेको साथै नेपालमा विद्यामान रहेका सूचीकृत अन्य भाषाहरूमाथि नकारात्मक प्रभाव परेको देखिन्छ। सो सम्बन्धमा यस आयोगलाई श्री संघीय संसद्को सचिवालयले कुन आधारमा मधेसी भाषामा शपथ लिन मान्यता दिएको भनी स्पष्ट हुने गरी जानकारी गराइदिन हुन निर्देशानुसार अनुरोध गरिएको छ ।'

## बाल श्रम निन्दनीय सामाजिक र कानूनी अपराध हो
## हामी कसैले पनि बाल श्रम नगरौ, नगराऔ र गर्न पनि नदिऔं ।

**एक छिन बाल श्रमका कुरा गरौं ।**

**बाल श्रम के हो ?**

बालबालिकाको सर्वाङ्गीण विकासलाई प्रतिकूल असर पार्ने र जीवनलाई जोखिम हुने कार्यमा बालबालिकाको संलग्नता हुनु बाल श्रम हो । बालबालिकाको इच्छा विरूद्ध काममा लगाउनु पनि बालश्रम हो । १८ वर्ष मुनिका बालबालिकाहरूको शारीरिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने श्रम नै बाल श्रम हो ।

**बाल श्रमबाट बालबालिकामा हुने बहुपक्षीय असरहरू**

- बाल श्रमले शारीरिक, बौद्धिक, नैतिक सामाजिक तथा समग्र व्यक्तित्व विकासमा क्षति पुऱ्याउँदछ ।

**बाल श्रम सम्बन्धी कानुनी व्यवस्थाहरू**

**दण्ड सजाय**

**बाल श्रम निषेध र (नियमन गर्ने) ऐन २०५६ का अनुसार**

- कसैले चौध वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाएमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रूपैयाँ सम्म जरिवाना वा दुबै सजाय हुने छ ।
- बाल श्रम मानव अधिकारको हनन् मात्र हैन सामाजिक अपराध हो, मानव सभ्यतामा अभिशाप हो, त्यसैले बाल श्रमको अन्त्यको अभियानमा हामी सबै अहिलेबाटै जुटौं ।


**मनरा सिस्वा नगरपालिका, महोत्तरीद्वारा जनहितमा जारी**

# ३० युनिटको विद्युत् महसुल वीरगञ्ज महानगरपालिकाले उपलब्ध गराउने




टक नेपाल, वीरगञ्ज ।
मधेस प्रदेशको एक मात्र महानगर पालिका पर्सास्थित वीरगञ्ज महानगर पालिकाले अधिकतम ३० युनिटसम्म विद्युत् खपत गर्ने नगरवासीको विद्युत् महसुल उपलब्ध गराउने भएको छ । यसका लागि महानगरले महानगर पालिकाभित्र विद्युत् उपलब्ध गराउने नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगञ्ज र सिमरासँग वितरण केन्द्रसँग छुट्टाछुट्टै सम्झौतापत्रमा हस्ताक्षर गरी सो कार्य अघि बढाएको वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले जानकारी दिनुभयो । नेपाल सरकारले २० युनिटसम्म प्रयोग गर्ने घरेलु प्रयोगकर्ताको विद्युत् महसुलमा शत प्रतिशत छुट दिने निर्णय गरेको थियो । महानगरपालिकाले जम्मा १० युनिटको प्रतियुनिट छ रुपैयाँ ५० पैसाको दरले रु ६५ र न्यूनतम शूल्क रु ५० गरी प्रतिपरिवार रु एक सय १५ का दरले मासिक शुल्क विद्युत् प्राधिकरणलाई बुझाउने छ । महानगरपालिकाले यसअगावै महानगर क्षेत्रमा घरेलु मिटर प्रयोग गर्दै आएका १० हजार नौ सय २४ घरधुरीको ३० युनिटसम्मको मासिक न्युनतम शुल्क तथा इनर्जी शुल्क र कृषि सिँचाइका लागि लिइएको ७० वटा सिँचाइ मिटरमा उठ्ने सम्पूर्ण शुल्क भुक्तानीको दायित्व महानगरपालिकाले व्यहोर्ने निर्णय गरेको थियो । वीरगञ्ज महानगर पालिकाले अनुसार उक्त सम्झौता यही पुस १ गतेदेखि लागू हुने जनाएको छ । सम्झौतापत्रमा महसुल भुक्तानीका लागि नेपाल विद्युत् प्राधिकरणको खातामा महानगरले अग्रिम भुक्तानी गर्ने र प्राधिकरणले हरेक महिना रिबेटसहित फछ्र्यौट गर्ने उल्लेख छ । चालु आर्थिक वर्षको बजेटमा विद्युत् प्राधिकरणलाई बुझाउने रकम व्यवस्था गरिएकाले महानगरपालिकाले नियमितरुपमा ३० युनिटसम्मको ग्राहकको रकम भुक्तानी गरिदिने प्रमुख प्रशासकिय अधिकृत पौडेलले बताउनुभयो । वीरगञ्ज महानगर पालिकालाई न्यूनतम विद्युत् शुल्कमा वार्षिक रु एक करोड २० लाख खर्च हुने अनुमान गरिएको छ । वीरगञ्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पौडेलका अनुसार वीरगञ्ज र सिमरा वितरण केन्द्रमा गरी घरेलु तथा कृषि प्रयोगमा हुने विद्युत् महसुल मासिक रु आठ लाखदेखि रु १० लाख महानगरले व्यहोर्नुपर्ने आकलन गरिएको हो । सुविधा प्राप्त गर्न लक्षित ग्राहकले सम्झौता लागू हुनुपूर्वको बक्यौता विद्युत् महसुल भने भुक्तानी गरेको हुनुपर्ने शर्त राखिएको छ । यो योजनाबाट दुवै वितरण केन्द्रमार्फत सेवा लिइरहेका सात हजार आठ सय २२ लाभग्राही र चार सय ३८ वटा कृषि मिटर प्रयोगकर्ता लाभान्वित हुने अनुमान गरिएको छ। सो कार्यका लागि महानगर पालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत पौडेल तथा प्राधिकरणको तर्फबाट वीरगञ्ज केन्द्रका प्रमुख जितेन्द्र झा र सिमरा केन्द्रका प्रमुख रामु श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो ।

# कांग्रेसले थाल्यो मधेसमा संसदीय दल नेता चयन प्रक्रिया



टक नेपाल, जनकपुरधाम ।
नेपाली कांग्रेसले मधेस प्रदेशको संसदीय दलको नेता चयन गर्ने प्रक्रिया सुरु गरेको छ । संसदीय दलको नेता चयन गर्न कांग्रेसले पार्टीको मधेस प्रदेश समितिका उपसभापति चन्द्रशेखर यादवको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ । कांग्रेस प्रदेश समितिको जनकपुरधाममा बसेको बैठकले उपसभापति यादवको संयोजकत्वमा प्रदेश समितिका महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ र सहमहामन्त्री बिन्दुकुमारी यादव सदस्य रहने गरी तीन सदस्य निर्वाचन समिति गठन गर्ने निर्णय भएको कांग्रेसका मधेस प्रदेश प्रचारप्रसार प्रमुख नितेश गुप्ताले जानकारी दिए । कांग्रेसको विधान नियमावली र प्रदेश संसदीय दलको विधानको धारा ५ को ३ अनुसार निर्वाचन समिति गठन गरिएको हो । निर्वाचन समितिले केही दिनभित्रै सर्वसहमतिबाट दलको नेता चयन पहल थालिने र नभए अन्तमा निर्वाचन प्रक्रिया अपनाउने गुप्ताले बताए । कांग्रेसमा संसदीय दलका नेताका लागि कांग्रेस मधेस प्रदेश समिति सभापति कृष्णकुमार यादव, रामसरोज यादव, वीरेन्द्र सिंह र जनार्दन क्षेत्री आकाङ्क्षी छन् । यस्तै बैठकले मधेस प्रदेश सरकार गठनका लागि पार्टीको केन्द्रीय नेतृत्व र अन्य दलहरुसँग समन्वय गर्न प्रदेश सभापति यादवलाई जिम्मेवारी दिने निर्णय गरेको प्रचारप्रसार प्रमुख गुप्ताले बताए ।




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com